**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले १ लाख करोड रुपियाँको शहरी चुनौती कोष अनुमोदन गरेकोमा केन्द्रीय मन्त्रिमंडलको प्रशंसा गर्नुभएको छ।
- गृहमन्त्री अमित शाहले सबै अन्तर्राष्ट्रिय व्यापार सम्झौताहरूमा किसानए पशुपालक र जालहारीहरूको हित सुरक्षित रहने आश्वासन दिनु भएको छ।
- केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिजो कोलकातामा आयोजित शिक्षक सम्मेलनमा राज्य सरकारको आलोचना गर्नु हुँदै राज्य प्रशासनले शिक्षकहरूलाई धोका दिएको आरोप लगाउनु भएको छ।
- दार्जिलिङ पहाड क्षेत्रमा आज महाशिवरात्रि पर्व श्रद्धा र भक्तिभावको साथ मनाइन्दै छ।
- मुख्यमन्त्री ममता ब्यानर्जीको पहलमा सञ्चालनमा रहेको 'युवासाथी' प्रकल्प अन्तर्गत खर्साङ नगरपालिकामा नाम दर्ता क्याम्प आज देखि सुरु भएको छ।

**प्रधानमन्त्रीको शहरी चुनौती कोष**

प्रधानमन्त्री नरेन्द्र मोदीले १ लाख करोड रुपियाँको शहरी चुनौती कोष अनुमोदन गरेकोमा केन्द्रीय मन्त्रिमंडलको प्रशंसा गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले यो कोषले उच्च गुणस्तरको शहरी पूर्वाधार प्रदान गर्न बजार वित्तए निजी सहभागिता र नागरिक केन्द्रित सुधारहरूलाई उपयोग गर्ने बताउनु भयो। उहाँले यो पहलले शहरहरूलाई देशको आर्थिक वृद्धिको मुख्य चालक बनाउने बताउनु भयो। शहरी चुनौती कोष गृह र शहरी मामिला मन्त्रालयहरूको संयुक्त केन्द्रीय प्रायोजित योजना हो। केन्द्र सरकारले कुल १ लाख करोड रुपियाँ सहयोग प्रदान गर्नेछ। कोषले लचिलोए उत्पादकए समावेशी र जलवायु संवेदनशील शहरहरू निर्माण गर्ने लक्ष्य राखेको छ जसले गर्दा उनीहरूलाई देशको आर्थिक वृद्धिको अर्को चरणको प्रमुख चालकको रूपमा स्थापित गरिनेछ। कोषले परियोजनाहरूलाई ऋण योग्य बनाएर ऋणदाता र निजी साझेदारहरूको लागि जोखिम घटाएर निजी पूँजी आकर्षित गर्ने लक्ष्य राखेको छ। परियोजना लागतको न्यूनतम ५० प्रतिशत बजारबाट उठाइएको छ भनेए यस कोषले परियोजना लागतको २५ प्रतिशतसम्म सहयोग गर्नेछ जसले गर्दा निजी सहभागिताको लागि स्पष्ट मार्ग प्रशस्त हुनेछ। यो कोष आर्थिक वर्ष २०२५-२६ देखि २०३०-३१ सम्म सञ्चालन हुनेछ जसलाई आर्थिक वर्ष २०३३-३४ सम्म विस्तार गर्ने सम्भावना छ। यो कदमले आगामी पाँच वर्षमा शहरी क्षेत्रमा कुल ४ लाख करोड रुपियाँ लगानी गर्नेछ। यसले भारतको शहरी विकास दृष्टिकोणमा अनुदान-आधारित वित्तबाट मार्केट-लिंक्डए सुधार-र परिणाम-आधारित पूर्वाधारमा ठूलो परिवर्तन ल्याउनेछ।

**अमित शाह गुजरात**

गृहमन्त्री अमित शाहले देशका किसानहरूप्रति मोदी सरकारको प्रतिबद्धता दोहोर्‍याउनु हुँदै सबै अन्तर्राष्ट्रिय व्यापार सम्झौताहरूमा किसानए पशुपालक र जालहारीहरूको हित सुरक्षित रहने आश्वासन दिनु भएको छ। श्री शाहले आज गुजरातको गान्धीनगरस्थित महात्मा मन्दिरमा देशको पहिलो केन्द्रीय बैंक डिजिटल मुद्रा-आधारित सार्वजनिक वितरण प्रणालीको सुरुवात गरेपछि यो बयान दिनु भएको हो। उहाँले भारत-अमेरिका व्यापार सम्झौता र भारत-यूरोपीय संघ मुक्त व्यापार सम्झौतामा किसानए पशुपालक र जालहारीहरूको हित सुरक्षित गरिएको छ भन्ने विपक्षीहरूको दाबीलाई खण्डन गर्नु भयो। गृहमन्त्रीले नयाँ डिजिटल टोकन आधारित वितरण प्रणालीले सार्वजनिक वितरण प्रणालीमा भ्रष्टाचार हटाउने र वितरण प्रक्रियामा अत्यन्त

आवश्यक पारदर्शिता ल्याउने विश्वास व्यक्त गर्नु भयो। यो प्रणालीले लाभार्थीहरूलाई वस्तुको नामए मात्रा र मूल्यको विवरण सहितको डिजिटल वालेट टोकन प्रदान गर्नेछ।

**शिक्षामन्त्री -तृणमूल कांग्रेस शिक्षा**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिजो कोलकातामा आयोजित शिक्षक सम्मेलनमा राज्य सरकारको आलोचना गर्नु हुँदै राज्य प्रशासनले शिक्षकहरूलाई धोका दिएको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो तृणमूल कांग्रेसको शासनकालमा शिक्षा क्षेत्र सबैभन्दा बढी पीडित भएको छ। श्री प्रधानले भन्नु भयो योग्य उम्मेदवारहरू या त सडकमा विरोध गरिरहेका छन् अथवा कानुनी लडाईं लड्न बाध्य छन्। उहाँले सत्तारूढ दलका नजिकका व्यक्तिहरूलाई शिक्षण पदहरूमा नियुक्त गरिएको आरोप लगाउनु भयो। श्री प्रधानले राज्यका लगभग ४००० विद्यालयहरूमा हाल शिक्षकको अभाव रहेको दाबी गर्नु भयो। उहाँले भन्नु भयो देशभरी शिक्षक नभएका कुल विद्यालयहरूको आधा संख्या पश्चिम बंगालमा छ। उहाँले राष्ट्रिय शिक्षा नीति-२०२० लागू गर्न अस्वीकार गरेर आवश्यक भूमि उपलब्ध गराउन असफल भए पछि सत्तारूढ तृणमूल कांग्रेसले केन्द्रीय विद्यालयए अटल टिंकरिङ ल्याब र नवोदय विद्यालयहरूको विस्तारमा अवरोध पुर्‍याएको आरोप लगाउनु भयो। शिक्षक पात्रता परीक्षा-एनईटी सम्बन्धी कानुनी विवादहरूको लागि विगतका सरकारहरूको त्रुटिपूर्ण नीतिहरूलाई दोष दिँदै श्री प्रधानले राज्यमा भारतीय जनता पार्टीको नेतृत्वमा सरकार आएमा प्रभावित शिक्षकहरूको समस्या समाधान गर्नु प्राथमिकता हुने वाचा गर्नु भयो। उहाँले राज्यको शैक्षिक स्तर पुनर्स्थापित गर्न नेतृत्व परिवर्तनको लागि पनि आह्वान गर्नु भयो।

**महाशिवरात्री**

दार्जिलिङ पहाड क्षेत्रमा महाशिवरात्रि पर्व श्रद्धा र भक्तिभावको साथ मनाइन्दै छ। जाडो मौसम भए तापनि श्रद्धालुहरू पूजा—अर्चनाको लागि विभिन्न शिव मन्दिरहरूमा आज बिहानैदेखि भक्तजनको भीड देखियो। मुख्य मन्दिरहरूमा भक्तजनहरूले दूध, जल, बेलपत्र, धतुरा र फूल चढाएर भगवान् शिवप्रति श्रद्धा व्यक्त गरे। दार्जिलिंग शहरका मुख्य मन्दिरहरु महाकाल मन्दिर अनि धिर्धाम मन्दिरमा भक्तजनहरुको भीड देखियो। यसै अवसरमा दार्जीलिंगका पुलिस अधीक्षक प्रतीक्षा झरखरियाले दार्जीलिंगको महाशिवरात्रीको पावन अवसरमा सबैलाई हार्दिक शुभाकामना दिनुभयो। उहाले सबै भक्तजन एवं वासिन्दाहरूलाई बिहान ८ बजेदेखि महाकाल मन्दिरमा पालन गरिने भव्य शिवरात्रीको लाइव सत्रमा सामेल हुने अपील गर्दै दिव्य उत्सवको भाग बन्ने आह्वान गर्नुभयो। उल्लेखनीय छ, दार्जीलिंग पुलिसले महाकाल मन्दिरको पालन गरिने शिवरात्रीको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था गरेको थियो। यसै गरि खर्साङमा पनि चौकी डाँडा स्थित शिव मन्दिर तथा अन्य मन्दिरहरुमा भक्तजनहरूको ठूलो संख्यामा भिड लागेको देखियो। यसै गरि मिरिक स्थित मिलिकथुङ चियाबारीको शिवालयको मन्दिरको नयाँ मन्दिर भवन निर्माणको भूमिपूजन कार्यक्रम आज भव्यताका साथ सम्पन्न गरिएको छ। पण्डितद्वारा वैदिक मन्त्र उच्चारण तथा पूजा आर्चना सहित सम्पन्न भएको कार्यक्रममा स्थानीय समाजका अध्यक्ष, सचिव, समाजसेवी, बुद्धिजीवी, युवा वर्ग तथा श्रद्धालु भक्तजनहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। स्थानीय बासीले श्रम दान गरेर भवन निर्माणको थालनी गरेका थिए।

*Byte*

**नेपाल महाशिवरात्री**

नेपालमा पनि आज महाशिवरात्रि पालन गरिन्दैछ। फाल्गुन महिनाको पूर्वार्द्धको चैधौ दिन भगवान शिवको निम्ति सबैभन्दा शुभ मानिन्छ। हाम्रो संवाददाताले जानकारी दिए अनुसार, महाशिवरात्रीको अवसरमा भगवान शिवको पूजाको निम्ति बिहान ३ बजेदेखि नै लाखौं श्रद्धालुहरू काठमाण्डौको पशुपतिनाथ मन्दिरको बाहिर उभिएका थिए। भीड़लाई सम्हालन महाशिवरात्रिको निम्ति पशुपतिनाथ मन्दिरमा पूजा गर्नको निम्ति उत्तरए दक्षिण एवं पश्चिम द्वार गरे तीन लाइनको व्यवस्था गरिएको छ। भीड़लाई नियन्त्रित गर्नको निम्ति धैरे संख्यामा सुरक्षाकर्मी अनि स्वयंसेवक तैनाथ गरिएको छ।

*Byte*

**युवासाथी प्रकल्प खर्साङ**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको पहलमा सञ्चालनमा रहेको युवासाथी प्रकल्प अन्तर्गत खर्साङ नगरपालिकामा नाम दर्ता क्याम्प सुरु भएको छ।

*क्याम्प आज देखि फरवरी २४ तारिखसम्म सञ्चालन हुनेछ। यो प्रकल्पअन्तर्गत २१ वर्षदेखि ४० वर्षसम्मका माध्यमिक उत्तीर्ण तथा आईसीएससी पास बेरोजगार युवायुवतीलाई प्रतिमहिना १५०० रुपैयाँ आर्थिक सहायता प्रदान गरिनेछ। यस विषयमा जानकारी दिनु हुँदै खर्साङ नगरपालिका उपाध्यक्ष सुभाष प्रधानले यो सहायता प्राप्त गर्न खर्साङ नगरपालिका क्षेत्रका वार्ड नम्बर १ देखि २० सम्मका इच्छुक युवायुवतीहरूले वार्ड नम्बर १९ अन्तर्गत स्नोभ्यु गाइड एण्ड स्काउट केन्द्रमा नाम दर्ता गर्न सक्ने बताउनु भएको छ। क्याम्प बिहान १० बजीदेखि साँझ ५ बजीसम्म सञ्चालन हुनेछ। यसैबीचए खर्साङ नगरपालिका अन्तर्गत खेतीपाती गरी जीविकोपार्जन गर्दै आएका किसानहरूका लागि पनि छुट्टै आर्थिक सहायता योजना रहेको जानकारी दिइएको छ। यस परियोजनाअनुसार किसानहरूलाई प्रतिमहिना ४००० रुपियाँ आर्थिक सहायता प्रदान गरिने व्यवस्था गरिएको छ।*

**सिलगढ़ी युवा साथी**

समस्त राज्यसितै सिलगढ़ीमा पनि युवा साथी योजनाको निम्ति आवेदन शिविरको आजदेखि शुरूआत भएको छ। पहिलो दिन मै धेरै संख्यामा युवक युवतीहरू आवेदनको निम्ति बाघाजतीन पार्क पुगे। राज्य सरकारको दुआरे सरकारको अन्तर्गत राज्यको सबै २ सय ६४ विधानसभा क्षेत्रहरूमा विशेष कयाम्प लगाएको छ। सिलगढ़ीमा आयोजित यस शिविरको निरिक्षण मेयर गोतम देव स्वयंले गर्नुभयो। उहाले व्यवस्थाको निरीक्षण गर्नुहुदै अधिकारीहरूसित आवश्यक दिशा निर्देश दिनुभयो। आवेदन प्रक्रिया २६ फरवरीसम्म जारी रहनेछ। यस योजना अन्तर्गत पात्र आवेदकहरूलाई प्रति महिना १५ सय रुपियाको आर्थिक सहायता प्रदान गरिनेछ। आवेदनको निम्ति पश्चिम बंगालको स्थायी वासिन्दा हुन अनिवार्य छ। न्यूनतम योग्यता माध्यमिक पास राखिएको छ जबकि आयु सीमा २१ देखि ४० वर्ष निर्धारित गरिएको छ।

**नशा उन्मूलन यात्रा**

महाशिवरात्रीको अवसरमा मानव उत्थान सेवा समिति खरसाङ तहसिलद्वारा आज बिहान खरसाङ शहरमा नशा उन्मूलन यात्राको आयोजना गरियो। मानव धर्मका संस्थापक तथा प्रणेता श्री सतपालजी महाराजको प्रेरणाद्वारा समितिले प्रति वर्ष नै महाशिवरात्रिको अवसरमा देशव्यापी नशा उन्मूलन यात्राहरू सम्पन्न गर्दै आइरहेको छए जसको उद्देश्य गाउँए समाज अनि देशलाई नशादेखि उन्मुक्त गर्न युवाहरूमा सचेतना फैलाउनु हो। खरसाङ तहसिल प्रभारी महात्मा श्री असीमा बाईजी अनि सहयोगी महात्मा श्री प्रभा बाईजीले अगुवाई गरेको नशा उन्मूलन यात्रा खरसाङ रेलवे स्टेशनदेखि आरम्भ भएर खरसाङ बजारको परिक्रमा गरी रेलवे स्टेशनमा नै समापन भयो। यो यात्रामा खरसाङ लगायत बालासन अनि दुधे शाखाका बाल सभाए युवा अनि अन्य वरिष्ठ सदस्यहरूले भाग लिएका थिए।

**बरिष्ठ नागरिकहरूको सम्मान**

सिलगढीमा सञ्चालित एसोसिएशन फर रिसर्च अन् नन्प्रफीट अर्गनाइजेसन्स एन्ड वल्युन्टेरी एक्टिविटिज आरनोवाले बरिष्ठ नागरिकहरूको सम्मानमा आज बिहान ७ बजी पदयात्रा कार्यक्रमको आयोजन गरेको थियो। सिलगढीको चम्पासरी-मिलन मोड रोडको बाबुबासाबाट थालिएको पदयात्रा जादुभिट्टाको सीमार्ट परिसरमा पुगेर मुख्य समारोहमा परिणत गरिएको थियो। विशिष्ट नारी हस्ताक्षर तथा समाजसेवी श्रीमती सुष्मा गुरूङद्वारा अध्यक्षता गरिएको समारोहमा लेबर डिपार्टमेन्टका रिटायर्ड जोइन्ट डाइरेक्टर रबि रसाइली प्रमुख अतिथिका रुपमा उपस्थित थिए। विशिष्ट अतिथिहरूमा डा. जीवन राणा, कर्णल केशव राई, लक्ष्मी शर्मा र अन्य थिए। सम्पूर्ण सहभागीहरूलाई सम्बर्द्धना पत्र प्रदान गरिएको समारोहको सञ्चालन आरनोवाकी कार्यकारी अध्यक्ष मेनका तामाङले गर्नु भएको थियो। महासचिव दिवाकर ढुङ्गेल शर्माले स्वागत भाषण राख्नु भएको थियोए जसमा संस्थापक तथा अध्यक्ष रुबेन गुरूङले यो कार्यक्रम अब प्रति वर्ष आयोजन गरिने बताउँदै सहभागी सबैलाई आभार व्यक्त गर्नु भएको थियो।

**खरसाङ गैर कानुनी भवन निर्माण**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टले खरसाङमा पुन: गैर कानुनी रुपमा भवन निर्माणहरु शुरु भएको आरोप लगाएको छ। आईजीजेएफ खरसाङका महकुमा सचिव आरके शर्मा र २८ नम्बर समष्टिका संयोजक रोशन थापाले आज खरसाङमा आयोजित एक पत्रकार सम्मेलन यस्तो आरोप लगाउनु भयो। आईजीजेएफ नेतृवहरूले अगस्त २०२४ मा खरसाङ बजारमा गैर कानुनी रुपमा निर्माण गरिएका भवनहरु रोक्नुपर्छ भन्दै भत्काइएको थियो तर आज खरसाङ बजारको पुरानो एफसीआई गोदाममुन्तिर र पंखाबारी रोडको शौचालय नजिक क्षेत्रमा बहुतले भवन निर्माण भइरहेको बताएका छन्। उनीहरुले उक्त गैर कानुनी रुपमा निर्माण भइरहेका बिल्डिङहरूमाथि नगरपालिकाले कारबाही नगरे आफुहरु कारबाही गर्न उत्रने चेताउनी दिएका छन्।

**********